# स्थानीय राजपत्र

| बागमती गाउँपालिका, ललितपुरद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड ३ | संख्या २ | मितिः २०७७/०३/११ |

**भाग २**

**बागमती गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको कार्यविधि संख्या २

# जनतासँग अध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७

स्थानीय सरकारप्रति जनताको अपेक्षा र चाहानाको अभिवृद्धि सँगै जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने तर्फ स्थानीय सरकारले विविध कार्यक्रम संचालन गरिरहेको छ। बागमती गाउँपालिकाले जनताका जिविकोपार्जनमा स्रोत साधनको अभावले कठिनाइ भोगेकाहरुलाई सहज सरल र छिटो छरितो प्रभावकारी ढंगले कार्य गर्नका लागि आफ्ना नीति तथा कार्यक्रमलाई जनमुखि बनाउँदै लगेकोछ। स्थानीय सरकार र जनता वीचको सम्बन्ध सुमधुर बनाउन जनतालाई स्थानीय सरकार प्रति विश्वास

बागमती गाउँपालिका, ललितपुर

अभिवृद्धि गर्न तथा जनताको आशा भरोसाको केन्द्रको रुपमा विकास गर्न जनता र स्थानीय सरकार वीच आपसी समन्वय र सहकार्य बनाई राख्न आवश्यक देखिएकाले बागमती गाउँपालिकाको जनतासँग अध्यक्ष कार्यक्रमलाई पारदर्शी प्रभावकारी र जनताको समस्याहरुलाई सम्बोधन गर्नका लागि जनतासँग अध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ तयार पारि लागु गर्न आवश्यक देखिएकाले यो कार्यविधि बनाइ लागु गरिएको छ ।

## १. प्रारम्भिक

१.१. संक्षिप्त नाम र प्रारम्भ (१) को कार्यविधिको नाम जनता सँग अध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ रहेको छ ।

१.२. यो कार्यविधि बागमती गाउँपालिकाले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ छ । पारित गरेको मिति देखि प्रारम्भ भनिएता पनि सो मिति भन्दा अगाडि जनतासँग अध्यक्ष कार्यक्रममा विनियोजन गरिएको रकममा गरिएका कार्यक्रम यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

१.३. परिभाषा - विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

- क. अध्यक्ष भन्नाले बागमती गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।
- ख. कार्यपालिका भन्नाले बागमती गाउँ कार्यापालिकालाई सम्झनु पर्दछ ।
- ग. उपभोक्ता समित भन्नाले आयोजना कार्यान्वयन स्थलका आयोजनामा प्रभावित समुदायबाट गठित आयोजना सम्पन्न गर्ने जिम्मेवार समितिलाई सम्झनु पर्दछ ।
- घ. सामाजिक विकास समिति भन्नाले बागमती गाउँपालिका गाउँ कार्यपालिकाले गठन गरेको समिति सम्झनु पर्दछ ।
- ङ. पूर्वाधार विकास समिति भन्नाले बागमती गाउँपालिका गाउँ कार्यपालिकाले गठन गरेको समिति सम्झनु पर्दछ ।

च. असाहय अनाथ भन्नाले कसैको संरक्षण नभएका बालबालिका महिला वा जेष्ठ नागरिक समेतलाई सम्झनु पर्दछ ।

छ. अनुगमन समिति भन्नाले जनतासँग अध्यक्ष कार्यक्रमको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

१.४. उद्धेश्य -

क. समूदायमा पिछडिएका र अति सिमान्तकृत समुदायका महिला दलित आज्ञाकारी जेष्ठ नागरिक अपाङ्गता भएका परिवारको आय आर्जनमा टेवा पुर्‍याउने ।

ख. अनाथ असहाय बालबालिकाको उचित शिक्षाको प्रबन्ध गर्ने ।

ग. गरीब र विपन्नताको कारणले जोखिममा रहेका परिवारको स्वास्थ्य उपचार लगायत मानवीय सम्बेदनासँग जोडिएका समस्याहरुको सम्बोधन गर्ने ।

घ. गरीबी न्यूनीकरणमा योगदान गर्ने ।

ङ. विपन्न समुदायमा स्थानीय सरकारको पहुँच स्थापित गर्ने ।

च. बजेटको अभावमा अपूर्ण रहेका योजनाहरु पुरा गर्ने ।

छ. विद्यालयहरुमा आवश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने ।

१.५. अपेक्षित प्रतिफल -

क. आर्थिक अभावका कारण दैनिक जीवनयापनमा समसयामा परेका परिवारको जिविकोपार्जनमा सहयोग पुग्नेछ ।

ख. समुदायमा पिछडिएका र अति सिमान्तकृत समुदायका महिला जनजाती दलित अल्पसंख्यकको आय आर्जनमा बृद्धि हुनेछ ।

ग. गरिबी न्यूनिकरणमा योगदान पुग्नेछ ।

घ. विपन्न समुदायमा स्थानीय सरकारको पहुँच स्थापित हुनेछ ।

ङ. अति जोखिममा रहेका समुदायको मानवीय सम्बेदनाका विषय (स्वास्थ्य उपचार) राहत उपलब्ध गराइ सहजता प्रदान भएको हुनेछ ।

च. शिक्षाको गुणस्त बृद्धि हुनेछ ।

छ. शिक्षामा सबैको पहुँचको सुनिश्चितता हुनेछ ।

## २. आयोजना संचालनका ढाँचा र क्षेत्रहरु

जनता सँग अध्यक्ष कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्नका लागि बागमती गाउँपालिकाले तपशिल बमोजिमका विभिन्न क्षेत्रहरुको पहिचान गरि आयोजना संचालन गर्न सक्नेछ ।

क. पूर्वाधार विकास - गाउँपालिका अन्तर्गत दुर्गम बस्ति पिछडीएको क्षेत्र, आदिवासी जनजाती तथा सिमान्तकृत व्यक्तिहरुको बसोवास गरेको स्थान, तथा दलित वस्ति केन्द्रीत ग्रामिण सडक, कृषि सडक, सिँचाइ खानेपानी आयोजनाहरुको संरचना निर्माण र विधुतिकरण विस्तार सम्बन्धि आयोजनाहरु, कृषि औजार खरिद गरी वितरण गर्न

ख. सामाजिक विकास - विकासको मुल प्रबाह भन्दा बाहिर रहेका महिला बालबालिका, जेष्ठ नागरिक अल्पसंख्यक समुदाय, द्वन्द पिडित, दलित, अपाङ्ग व्यक्ति लक्षित विविध कार्यक्रमहरु संचालन गर्ने । शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालबालिकाको संरक्षक स्विकार गर्ने र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सहयोग हुने कार्यक्रमहरु, गरीबी र विपन्नताको कारणले अत्यन्तै जोखिममा रहेका व्यक्ति एवं तीनका परिवारको स्वास्थ्य उपचार, काजक्रिया खर्च व्यवस्थापन लगायत मानवीय संवेदना जोडिएका विपन्न समुदायसँग स्थानीय सरकारको पहुँच स्थापित गर्न

ग. सामाजिक समावेशीकरण - गरिव असाहय, द्वन्द पिडित, दलित

सिमान्तकृत वर्ग र क्षेतको उत्थान गर्नका लागि एकमुष्ट अनुदान कार्यक्रम ।

घ. आर्थिक विकास - बागमती गाउँपालिकामा कृषि, पशु क्षेत्रको विकासको सम्भावनाहरुलाई मध्यनजर गर्दै ति क्षेत्रको विकासका लागि कृषकहरुलाई मूल्याङ्कनका आधारमा एकमुष्ट वा आवश्यक कृषकहरुबाट प्राप्त निवेदनका आधारमा अनुदान कार्यक्रम सञ्चालन गर्न, पर्यटन क्षेत्रको पहिचान र विकासका लागि संभावित क्षेत्रमा पुर्वाधार निर्माण तथा सामाजिक सांस्कृतिक पहिचानको संरक्षण र सम्वर्द्धन गर्ने खालका आयोजनाहरु, सहकारी क्षेत्रको विकासका लागि सहकारी संस्थाको सुदृढिकरण लगायतका कार्यक्रमहरु सञ्चालन गर्न साथै गरीबी न्यूनिकरणका लागि योगदान गर्न

ङ. अन्य क्षेत्र - गरिवि तथा असाहय, जसको उचित आवासको समस्या परेको छ त्यस्ता परिवारको पहिचान गरि तिनीहरुको सुरक्षाका लागि घर निर्माणका लागि अनुदान दिने, विपद्का कारण घरबार विहीन भएका, मृत्यु भएका वा गम्भिर प्रकृतिको चोट पटक लागेका व्यक्ति वा परिवारलाई विपद्को प्रभाव र जोखिमका आधारमा आवश्यक सहयोग गर्न ।

च. विभिन्न कारणले शिक्षाको मूल प्रवाहिकरणबाट बाहिर परेका बालबालिकाको गाउँपालिकाले अभिभावकत्व लिई निशुल्क पठन पाठनका लागि आर्थिक श्रोतको सुनिश्चितता गर्ने साथै विद्यालको आवश्यकताको आधारमा स्वयंसेवक शिक्षक करारमा नियुक्ति गरी गुणस्तरीय शिक्षा प्रदान गर्न ।

छ. लाभान्वित परीवारको छनौट - आर्थिक रुपमा विपन्न, लैङ्गिकर हिंसाबाट प्रभावित, सामाजिक रुपमा बहिष्कारमा परेका, पिछडिएका र अति सिमान्तकृत समुदायका महिला, दलित आदिवाशी, जनजाती, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको पहिचान संरक्षण र आवश्यक सुरक्षाका लागि विविध कार्यक्रम सञ्चालन गर्न

ज. बागमती गाउँपालिकाको गाउँ सभाबाट छनौट गरेका विविध आयोजना तथा कार्यक्रमहरुमा कार्यान्वयनका क्रममा बजेट अपुग हुन गएमा त्यस्ता कार्यक्रम र आयोजना सम्पन्न गर्नका लागि बजेट थप गर्न ।

झ. बागमती गाउँपालिकाले खेलकुदको माध्यमबाट युवा वर्गलाई पनि स्थानीय सरकार प्रति उत्तरदायी वा अपनत्व बढाउनका लागि खेलकुदाको विकास र विस्तार गर्नका लागि खेलकुद सम्बन्धी विविध कार्यक्रम संचालन, खेलकुद सम्बन्धि तालिम संचालन, उत्कृष्ट खेलाडीलाई नगद पुरस्कार तथा प्रोत्साहन भत्ता र उत्कृष्ट खेलाडीको संरक्षण गर्ने खालका कार्यक्रमसञ्चालन गर्न

## ३. आयोजना छनौट विधि वा प्रकृया

३.१. आयोजनाका लागि बजेटको सुनिश्चितता - बागमती गाउँपालिकाको प्रत्येक आ.व.मा गाउँ सभाबाट अनुमोदित जनतासँग अध्यक्ष कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

३.२. आयोजना छनोटका लागि कार्यविधिमा उल्लेखित आयोजना संचालनको ढाँचा र क्षेत्रहरुमा उल्लेखित विषयहरुलाई मध्यनजर गर्दै गाउँपालिका अध्यक्षले पहिचान गरेका, अनुगमनका क्रममा देखेका, जनताका गुनासो र आवश्यकता तथा गाउँकार्यपालिकाले आवश्यक ठानेका महत्वपूर्ण आयोजना वा कार्यक्रमहरु र तत्कालै सम्बोधन गर्नु पर्ने जस्ता अति आवश्यक कार्यक्रम वा आयोजनाको छनौट गर्न सकिनेछ । अध्यक्षले आवश्यकता र औचित्यको आकारमा गाउँपालिका भित्र सञ्चालित कार्यकक्रममा थप रकम दिन सकिने छ ।

३.३ आयोजना कार्यान्वयन विधि- गाउँपालिका भित्रका जनताहरुबाट छनौट भएका आयोजना वा कार्यक्रम कार्यन्वयन गर्दा बागमती गाउँपालिकाले लागु गरेको स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिका आधारमा गरिनेछ ।

३.४ अमानत मार्फत - बेरोजगारी अन्त्य गर्नका लागि बेरोजगारी सुचिमा सुचिकृत व्यक्तिहरु तथा स्वदेश तथा बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु समेतले आपसमा मिलि रु …….. लाख सम्मको आयोजना वा कार्यक्रम अमानत मार्फत गर्न सकिनेछ ।

३.५. अनुदान तर्फ - गाउँपालिका अध्यक्ष वा बागमती गाउँपालिका कार्यपालिकाले पहिचान गरि आवश्यकता ठानेका आयोजना संचालनका ढाँचा र क्षेत्रहरुमा उल्लेखित विषयमा बस्तुगत यथार्थपरक र स्थलगत अनुगमन गरि त्यस्ता व्यक्ति परिवार वा समुदायलाई एकमुष्ट वा निवेदनका आधरमा अनुदान दिन सकिनेछ । सो अनुदानको रकम रु २ लाख भन्दा बढी वितरण गरिने छैन । साथै राम्रो उद्यमशिल किसानहरुलाई थप अनुदान दिन परेमा कार्यपालिकाको निर्णय गराइ थप रकम अनुदान दिन सकिनेछ ।

## ४. आयोजनाक कार्यक्रमको फर-फारक सम्बन्धमा

प्रभावकारी ढंगले संचालन भएको लागत स्टिमेट तयार पारि कार्यन्वयन गरिएका आयोजनाहरु गाउँपालिका अध्यक्षा वा गाउँपालिकाले छनौट गरि सम्पन्न कार्यक्रमको भुक्तानी विधि

४.१.निर्माण सम्बन्धी आयोजनाको भुक्तानी उपभोक्ता समिति गठन संचालन र कार्यान्वयन कार्यविधिले तोकेको विधि र प्रकृया अवलम्बन गर्नु पर्नेछ । गाउँपालिकाको अनुगमन समितिको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

४.२.अमानतबाट संचालित कार्यक्रमको भुक्तानी काम गर्ने श्रमिकहरुलाई बैंक मार्फत भूक्तानी गरिनेछ सोको लागि प्राविधिकको मुल्याङ्कन प्रतिवेदन र गाउँपालिकाको अनुगमन समितिको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४.३.अनुदान वितरणका कार्यक्रमका लागि पुष्टाई गर्ने आवश्यक कागजात वा प्रमाण गाउँपालिकाको सम्बन्धित विषयगत शाखाका संयोजक र सम्बन्धित शाखाका संयोजक कर्मचारीको

अनुगमन प्रतिवेदन गाउँपालिका अध्यक्षले पहिचान र आवश्यक ठानेका कार्यक्रमलाई अध्यक्षको तोक आदेश अनुसार गरिनेछ ।

४.४.अभिलेख राख्ने : जनतासँग अध्यक्ष कार्यक्रमको सहयोग सम्बन्धमा भए गरेको निर्णय र अन्य कागजातहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ। अभिलेख राख्ने जिम्मेवारी सामाजिक विकास शाखाको हुनेछ । उक्त अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा नियमानुसार उपलब्ध गरिदिनु पर्नेछ ।

## ५. अनुगमन र मुल्याङ्कन

जनतासँग अध्यक्ष कार्यक्रम सञ्चालन र यसको प्रभावकारी अनुगमन र मूल्याङ्कनका लागि देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ ।

क. संयोजक -गाउँपालिकाका उपाध्यक्ष

ख. सदस्य - प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत

ग. सदस्य - सामाजिक विकास समितिको संयोजक

घ. सदस्य - पूर्वाधार विकास समितिको संयोजक

ङ. सदस्य -योजना शाखाको अधिकृत

विकास योजना तथा निर्माणाधिन योजना अनुगमन गर्ने र अनुदानमा अनुगमन समितिको सिफारिस अनिवार्य नहुने ।

## ६. प्रतिवेदन

जनतासँग अध्यक्ष कार्यक्रम मार्फत प्रदान गरिएका सम्पूर्ण सहयोगको वार्षिक प्रगति प्रतिवेदन गाउँ सभा समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

## ७. कार्यविधि संसोधन

यो कार्यविधि प्रचलित कानूनसँग बाझिएमा कार्यपालिकाको बैठकबाट आवश्यक संशोधन गरी स्वीकृत गर्न सकिने छ ।

**प्रमाणीकरण मिति: २०७७।०३।१०**

**आज्ञाले,**
**युवराज आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**